## २.१.जलवायु परिवर्तन शाखा

- जलवायु परिवर्तन सम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा एवं मूलप्रवाहीकरण गर्ने,
- जलवायु परिवर्तन सम्बन्धी नीतिगत अध्ययन अनुसन्धान गर्ने,
- जलवायु परिवर्तन सम्बन्धी महासन्धि तथा प्रोटोकलको केन्द्रविन्दुले गर्नु पर्ने कार्यहरु गर्ने, गराउन सहयोग पुऱ्याउने,
- जलवायु परिवर्तन सम्बन्धी वार्ताको लागि आवश्यक राष्ट्रिय कार्यपत्रहरु तयार गर्ने,
- जलवायु परिवर्तन सम्बन्धमा गोष्ठी, कार्यशाला तथा तालिमको आयोजना गर्ने,
- जलवायु परिवर्तन व्यवस्थापन सम्बन्धी कार्यक्रमहरुको संयोजन गर्ने,
- जलवायु परिवर्तन सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयनको लागि दातृ निकायहरुबाट प्राविधिक एवं आर्थिक सहयोग जुटाउन प्राविधिक प्रस्तावहरु तर्जुमा गर्ने,
- जलवायु परिवर्तन परिषद्को सचिवालयको कार्य गर्ने,
- जलवायु परिवर्तन परिषद्को निर्णय कार्यान्वयन गर्ने,
- जलवायु वित्त सम्वन्धी कार्य गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## २.२ अनुकूलन शाखा

- अनुकुलन तथा दिगो विकास सम्बन्धी नीति, कार्यनीति तथा आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांङ्कन गर्ने,
- राष्ट्रिय अनुकूलन योजना तथा स्थानीय अनुकूलन कार्ययोजनाको कार्यान्वयन, समन्वय, अनुगमन तथा मूल्यांङ्कन गर्ने,
- प्रदेश, स्थानीय तह तथा अन्य मन्त्रालयसंगको सहकार्यमा जलवायु परिवर्तन अनुकूलन सम्बन्धी नीति, कार्यक्रम तथा आयोजनाको कार्यान्वयन गर्ने,

- जलवायु परिवर्तन अनुकूलन सम्बन्धमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गैर सरकारी क्षेत्रबाट भएगरेका तथा हुने कार्यहरुको संयोजन तथा अनुगमन गर्ने,
- समुदायमा आधारित र पर्याप्रणालीमा आधारित अनुकुलन पद्धति सम्बन्धित अध्ययन, अनुसन्धान तथा ज्ञान आदान प्रदान कार्य गर्ने,
- जलवायु परिवर्तन अनुकूलन र विपद् जोखिम न्यूनीकरणका क्रियाकलापहरुको समन्वय हुने गरी कार्यान्वयन गर्ने,
- हरित अर्थतन्त्र र दिगो विकास सम्बन्धी अवधारणालाई प्रवर्द्धन गर्ने र आवश्यक अध्ययन अनुसन्धान गर्ने,
- यस शाखालाई तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने ।

## २.३ जलवायु प्रविधि विकास शाखा

- जलवायु परिवर्तन सम्बन्धी प्रविधि, तालिम तथा प्रचार प्रसारको आवश्यकता पहिचान गर्ने,
- जलवायु परिवर्तन प्रविधि, तालिम तथा प्रचार प्रसार सम्बन्धी बार्षिक कार्यक्रमहरु तर्जुमा गरी संचालन गर्ने,
- जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरणमा उपयुक्त प्रविधिहरुको स्वदेशमा विकास गर्न समन्वय गर्ने र अन्तरराष्ट्रिय क्षेत्रमा उपलब्ध रहेका प्रविधिहरुको परीक्षण गर्ने,
- नेपाल सरकारका बिषयगत मन्त्रालयहरुको लागि आवश्यक पर्ने जलवायु परिवर्तन प्रविधि विकासमा सहजीकरण गर्ने,
- प्रविधि प्रवर्द्धनका लागि विज्ञहरुको सहयोग तथा लगानी प्रवर्द्धनको लागि आवश्यक नीतिगत खाकाहरु तयार गर्ने,
- तालिम तथा प्रचार प्रसार सामाग्रीहरु तयार गर्ने, वितरण गर्ने,
- राष्ट्रिय स्तरका सरोकारवालाहरुसंग समन्वय गर्ने,
- प्रविधि विकास सम्बन्धी बैठक, तालिम तथा गोष्ठीका कार्यक्रहरुमा संचालन गर्ने,

- विज्ञहरुको रोष्टर तयार गर्ने, समन्वय गर्ने र आवश्यक पर्ने स्रोत व्यवस्थापन गर्ने,
- यस शाखालाई तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।

## २.४ उत्सर्जन मापन शाखा

- हरितगृह ग्याँस उत्सर्जन,तथ्याँक, जानकारी तथा प्रतिवेदनहरु संकलन गर्ने,
- हरितगृह ग्याँस उत्सर्जनका बिषयगत समूहहरु गठन गरी क्रियाशील गराउने,
- अन्तरराष्ट्रिय सन्धि सम्झौता अनुरुप राष्ट्रिय दायित्वका रुपमा रहेका प्रतिबेदनहरु तयार गरी बुझाउने,
- हरित गृह ग्याँसको मापदण्ड तयारी तथा नियमन गर्ने,
- राष्ट्रिय तथा अन्तरराष्ट्रिय सरोकारवाला निकायहरु बीच सम्पर्क तथा समन्वय गर्ने,
- अध्ययन अनुसन्धानका आवश्यकता पहिचान, प्राथमिकता निर्धारण गरी सो आधारमा कार्यक्रम संचालन गर्ने,
- जलवायु परिवर्तनका अध्ययन अनुसन्धानका नतिजाहरु संकलन, सम्प्रेषण र प्रकाशन गर्ने,
- शैक्षिक संस्थाहरु समन्वय गरी अध्ययन अनुसन्धान गर्न लगाउने,
- अध्ययन अनुसन्धानका नतिजाहरुको आधारमा नीतिगत बिषयमा पृष्ठपोषण गर्ने,
- यस शाखालाई तोकिएको अन्य कार्यहरु गर्ने

## २.५.स्वच्छ संयन्त्र शाखा

- स्वच्छ विकास संयन्त्र (Clean Development Mechanism, CDM) मार्फत कार्वन व्यापारमा निजी क्षेत्रलाई आकर्षण गर्न, गराउन नीति तथा कार्यनीतिको तर्जुमा तथा कार्यान्वयन गर्न समन्वय र सहजीकरण गर्ने
- CDM अन्र्तगत कार्वन व्यापार सम्बन्धी कार्यहरुको प्रवर्द्धन र अनुगमन तथा मूल्याङ्कनका कार्यहरु गर्ने,

- कार्वन व्यापार सम्बन्धी जनशक्ति विकासको लागि गोष्ठी, कार्यशाला तथा तालिमको आयोजना गर्ने,
- नेपाललाई फाइदा हुने क्षेत्रमा कार्वन व्यापार सम्बन्धमा Certified Emission Reductions(CERs) or Verified Emission Reductions (VERs) निकाल्ने (Methodologies) सम्बन्धी कार्य गर्ने,
- कार्वन व्यापार सम्बन्धी कार्यहरु प्रवर्द्धन Designated National Authority (DNA) को प्रारम्भिक कार्य तथा स्वच्छ विकास संयन्त्र सम्बन्धी आयोजनाहरुको स्वीकृति प्रक्रिया सम्बन्धी कार्य गर्ने,
- कार्वन व्यापारको प्रवर्द्धन गर्न महासन्धि अन्तर्गत क्रियाशील DNA Forum को कार्यमा संलग्न हुने,
- कार्वन व्यापारको प्रक्रियालाई सरलीकृत बनाउँदै यसबाट नेपाललाई बढी फाइदा गराउने कार्यहरु गर्ने,
- यस शाखालाई तोकिए बमोजिम अन्य कार्यहरु गर्ने ।